आर्थिक वर्ष : २०८१/०८२

बैठक संख्या : १६ (सोह्र)

आज मिति २०८२ साल असार महिनाको ०१ गते आइतबारका दिन केदारस्यूँ गाउँपालिकाका अध्यक्ष श्री गणेश बहादुर बोहराज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसि तपसिलको उपस्थितिमा निम्न निर्णयहरु गरियो ।

**उपस्थिति :**

| | | | |
|---|---|---|---|
| १. | श्री गणेश बहादुर बोहरा | – | गाउँपालिका अध्यक्ष |
| २. | श्री मनिषा धामी | – | गाउँपालिका उपाध्यक्ष |
| ३. | श्री विर बहादुर भण्डारी | – | १ नं. वडाध्यक्ष |
| ४. | श्री शेर बहादुर विष्ट | – | २ नं. वडाध्यक्ष |
| ५. | श्री विर बहादुर खाति | – | ३ नं. वडाध्यक्ष |
| ६. | श्री कल्यान मल्ल | – | ४ नं. वडाध्यक्ष |
| ७. | श्री मोहन ठगुन्ना | – | ५ नं. वडाध्यक्ष |
| ८. | श्री जय बहादुर धामी | – | ६ नं. वडाध्यक्ष |
| ९. | श्री चन्द्र बहादुर धामी | – | ७ नं. वडाध्यक्ष |
| १०. | श्री सुरेश बहादुर जेठारा | – | ८ नं. वडाध्यक्ष |
| ११. | श्री नन्दलाल बोहरा | – | ९ नं. वडाध्यक्ष |
| १२. | श्री तस्विर वि. क. | – | कार्यपालिका सदस्य/ प्रवक्ता |
| १३. | श्री जुन देवी ओखेडा | – | कार्यपालिका सदस्य |
| १४. | श्री निर्मला कुमारी वि.क. | – | कार्यपालिका सदस्य |
| १५. | श्री रम्भु देवी बोहरा | – | कार्यपालिका सदस्य |
| १६. | श्री चन्द्रकला देवी दमाई | – | कार्यपालिका सदस्य |
| १७. | श्री कमला थापा | – | कार्यपालिका सदस्य |
| १८. | श्री केशव राज भट्ट | – | सदस्य सचिव (नि.प्रमुख प्रशासकीय अधिकृत) |

**अन्य उपस्थिति :**

| | | | |
|---|---|---|---|
| १९. | श्री कालुराम चौधरी | – | लेखापाल |
| २०. | ई श्री लेखराज रावल | - | सूचना प्रविधि अधिकृत |
| २१. | श्री हिक्मत बहादुर भण्डारी | - | प्राविधिक सहायक |

**निर्णय नं. १**

गाउँ कार्यपालिकाको मिति २०८२ साल जेठ २० गते बसेको बैठकले गरेका निर्णयहरुको के कति कार्यान्वय भए ? कार्यान्वयनको अवस्था के कस्तो छ ? उक्त निर्णयहरु कार्यान्वयका विषयमा आवश्यक समिक्षा गरि कार्यान्वयनमा थप प्रभावकारिता ल्याउन पुन: निर्देशन दिने र सबै निर्णयहरुको कार्यान्वयन गर्न सम्बन्धित सबैसँग समन्वय गर्ने निर्णय गरियो ।

केशव राज भट्ट

नि.प्रमुख प्रशासकीय अधिकृत

CamScanner

**निर्णय नं. २**

केदारस्यूँ गाउँपालिका गाउँ सभाको सत्रौं अधिवेशन संवत २०८२ साल असार ०६ गते आइतवारका दिन बोलाउने निर्णय गरियो।

**निर्णय नं. ३**

यस गाउँपालिकाको अर्थिक वर्ष २०८२/०८३ को गाउँ सभा सञ्चालनको तयारीका लागि नियमानुसार सम्पूर्ण प्रक्रिया पुरा गर्न विभिन्न विषयगत समितिका बैठकहरु बोलाउने, आर्थिक वर्ष २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रमका विषयमा व्यापक छलफल गराउने र समितिले गरेका सबै निर्णयहरु कार्यान्वयनमा लैजान गाउँ कार्यपालिका र गाउँ सभामा पेश गर्ने निर्णय गरियो।

**निर्णय नं. ४**

केदारस्यूँ गाउँपालिका गाउँ सभा अन्तरगतका विभिन्न विषयगत समितिहरुका सदस्य सचिवको रुपमा काम गर्ने गरि देहाय बमोजिमका कर्मचारीहरुलाई जिम्मेवारी तोक्ने निर्णय गरियो।

देहाय :

| | | |
|---|---|---|
| क. सुशासन तथा संस्थागत विकास समिति | : | श्री हिक्मत बहादुर भण्डारी |
| ख. पूर्वाधार विकास समिति | : | श्री लोकराज पाण्डे |
| ग. सामाजिक विकास समिति | : | श्री अम्मर राज विष्ट |
| घ. आर्थिक विकास समिति | : | श्री नरेश बहादुर जेठारा |
| ङ. वन, वातावरण तथा विपद व्यवस्थापन समिति | : | श्री धन राज जोशी |

**निर्णय नं. ५**

केदारस्यूँ गाउँपालिका गाउँ सभा अन्तरगतका विभिन्न विषयगत समितिहरुबाट प्राप्त प्रतिवेदन माथि छलफल गर्ने, ती प्रतिवेदनहरु तयार गर्ने सम्बन्धित सबै समितिहरुलाई धन्यवाद ज्ञापन गर्ने र थप प्रतिवेदनहरु गाउँ कार्यपालिकाको आगामी वैठकमा छलफलका लागि पेश गर्ने निर्णय गरियो।

**निर्णय नं. ६**

केदारस्यूँ गाउँपालिका अन्तरगत चालु आर्थिक वर्षमा सञ्चालन भएका आयोजना, योजना तथा कार्यक्रमहरुलाई नतिजामुखी बनाउन उपाध्यक्ष एवम् अनुगमन समितिका संयोजक श्री मनिषा धामीले कार्यपालिकामा पेश गरेको अनुगमन समितिको प्रतिवेदन माथि विस्तृत छलफल गरियो। आयोजना, योजना तथा कार्यक्रमहरुलाई थप नतिजामुखी र उपलब्धिमूलक बनाउन सुधारका लागि सुझाव प्रदान गर्ने निर्णय गरियो।

**निर्णय नं. ७**

आर्थिक वर्ष २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम तयार गर्दा विभिन्न सरोकारवालाहरु : जनप्रतिनिधिहरु, राष्ट्रसेवक कर्मचारीहरु, विभिन्न राजनितिक दलका प्रतिनिधिहरु, शिक्षकहरु, बुद्धिजिवीहरु, पत्रकारहरु, उद्योगीहरु, व्यवसायीहरु, बालबालिकाहरु, लक्षित वर्गहरु तथा समस्त नागरिकहरुसँग छलफल गरि सरसल्लाह तथा सुझाव माग गर्ने प्राप्त सुझावहरुलाई सम्बोधन गर्ने निर्णय गरियो।

**निर्णय नं. ८**

विषयगत समितिहरुको कार्यकुशलतालाई थप प्रभावकारी र नतिजालाई उपलब्धिमूलक बनाउन समितिहरु क्रियाशिल बनाउनुका साथै आर्थिक वर्ष २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम र बजेट निर्माण प्रक्रियामा सबै समितिबाट प्राप्त राय, सुझाव र सल्लाहहरु र आर्थिक वर्ष २०८१/०८२ मा सम्पादन भएका कामहरुको संक्षिप्त कार्य प्रगति विवरण अर्को कार्यपालिका वैठकमा पेश गर्ने निर्णय गरियो।

केशव राज भट्ट
नि.प्रमुख प्रशासकीय अधिकृत

CamScanner

**निर्णय नं. ९**

यस कार्यालयको २०८१/०६/२३ गतेको ठेक्का नं. KRM/NCB/Work-02/2081/082 को सूचनामा देउरा बागथला र झोता RCC तटबन्धन निर्माणको इस्टिमेटमा PS रकम समावेश भएको तर टेण्डर बिड गर्दा PS रकम छुट हुन गएकोले सोहि शिर्षकबाट PS रकम रु. ३,०९,०४१.१७ (अक्षरुपी तीन लाख नौ हजार एकचालिस रुपैयाँ सत्र पैसा ) सम्बन्धित फर्मलाई दिने निर्णय गरियो।

**निर्णय नं. १०**

केदारस्यूँ गाउँपालिकामा विपद् व्यवस्थापनका लागि देहाय बमोजिमका नियम कानून, कार्यविधि, निर्देशिका, योजनाहरु स्वीकृत गर्ने निर्णय गरियो।

देहाय :

क. विपद् व्यवस्थापन स्वयमसेवक ब्युरो गठन तथा परिचालन कार्यविधि, २०८२

ख. उन्नत ग्रामीण सडक निर्माण निर्देशिका , २०८२

ग. केदारस्यूँ गाउँपालिका डढेलो तथा आगलागि नियन्त्रण पूर्वतयारी तथा प्रतिकार्य योजना, २०८२

**निर्णय नं. ११**

यस कार्यालयको च.नं. ९७८ र मिति २०८१/११/२९ गतेको पत्र बमोजिम यस कार्यालयका सूचना प्रविधि अधिकृत लेखराज रावलको सातौँ तह करार म्याद थप गरिएको सम्बन्धी पत्र र सो सँग सम्बन्धित सेवा करार सम्झौता बदर गरि निजको करार सेवाको सेवा सुविधा तथा पारिश्रमिक साविक बमोजिम नै हुने निर्णय गरियो।

**निर्णय नं. १२**

यस केदारस्यूँ गाउँपालिका वडा नं. ८ को सामुदायिक स्वास्थ्य इकाइको भौतिक संरचना एकदमै जीर्ण अवस्थाको हुँदा विरामीहरुको स्वास्थ्य उपचार र सेवा प्रवाहमा निकै समस्या भएकोले सोको भौतिक संरचना निर्माणका लागि आवश्यक पर्ने वजेट व्यवस्थापन गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालय रामशाहपथ, काठमाडौँलाई अनुरोध गर्ने निर्णय गरियो।

**निर्णय नं. १३**

यस केदारस्यूँ गाउँपालिका वडा नं. १ अन्तगतका दुर्गम एवम् पिछडिएका बस्तीहरु: सिम, डुडिल र कनाडा स्वास्थ्य संस्थाहरुबाट टाढा भई सो क्षेत्रमा बसोबास गर्ने जनता विरामी हुँदा आधारभूत स्वास्थ्य सेवाबाट समेत वञ्चित हुने गरेकोले विरामीहरुको आधारभूत स्वास्थ्य उपचारको पहुँचको सुनिश्चितताका लागि उल्लेखित बस्तीहरुको मध्य भागमा पर्ने डुडिलमा आधारभूत स्वास्थ्य सेवा केन्द्र स्थापनार्थ भौतिक संरचना निर्माणका लागि आवश्यक पर्ने वजेट व्यवस्थापन गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालय रामशाहपथ, काठमाडौँलाई अनुरोध गर्ने निर्णय गरियो।

**निर्णय नं. १४**

भैरव नमूना माध्यमिक विद्यालय केदारस्यूँ ९ झोता अन्तरगत CTEVT पशुविज्ञान समूहमा प्रवेश परीक्षामा उच्चतम अङ्क प्राप्त गरि विद्यालयबाट प्राप्त सिफारिशका आधारमा तपसिल बमोजिमका विद्यार्थीहरुलाई निम्नानुसारको छात्रवृत्ति रकम प्रदान गर्ने निर्णय गरियो।

तपसिल :

| क्र. स. | छनोट भएका विद्यार्थीहरुको नामथर | छात्रवृत्ति रकम | जम्मा रकम |
|---|---|---|---|
| १. | सरिता कुमारी खाती | रु. ५०,०००/- | छ लाख विस हजार रुपैया मात्र |
| २. | भाग्यलक्ष्मी बोहरा | रु. ५०,०००/- | |
| ३. | तुषार वि क | रु. ५०,०००/- | |
| ४. | रमिला कुमारी खाती | रु. ५०,०००/- | |
| ५. | प्रदिप शाही | रु. ६०,०००/- | |
| ६. | पवित्रा कुमारी वि क | रु. ६०,०००/- | |
| ७. | अनिल खाती | रु. ५०,०००/- | |
| ८. | रशिमा ओड | रु. ५०,०००/- | |
| ९. | रुपक जोशी | रु. ५०,०००/- | |
| १०. | वविता वि क | रु. ५०,०००/- | |
| ११. | सविना कुमारी बोहरा | रु. ५०,०००/- | |
| १२. | पवित्रा मल्ल | रु. ५०,०००/- | |

CamScanner